# विषय सूची


**परिच्छेद एक: परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ राजश्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजश्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु ३

१.४ राजश्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४

१.६ अध्ययनको सीमा ९

**परिच्छेद दुई: गाउँपालिकाको संक्षिप्त परिचय** **११**

२.१ गुराँस गाउँपालिकाको गठन तथा नामांकरण ११

२.२ प्रशासनिक विभाजन ११

२.३ भौगोलिक तथा प्राकृतिक अवस्था १२

२.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या १३

२.५ आर्थिक अवस्था १३

२.६ गाउँपालिकाको मानव संसाधनको अवस्था १४

२.७ गाउँपालिकाको भौतिक सम्पतिको अवस्था १५

**परिच्छेद तीन: स्थानिय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१६**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१

३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २३

३.३.१ कर राजस्व २४

३.३.२ गैर कर राजस्व २९

**परिच्छेद चार: आय संकलनको संस्थागत क्षमता तथा अवस्था** **३७**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ३७

४.२ आय संकलनको संस्थागत क्षमता ३९

४.२.१ स्थानिय राजस्व परामर्श समिति ३९

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ४२

४.४ विगतको राजस्व संकलनको अवस्था ४३

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ४५

**परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना** **४८**

**परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण** **५१**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५१
६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ५४

**परिच्छेद सातः कार्ययोजनाको अनुगमन तथा मूल्यांकन** **५८**

**परिच्छेद आठः निष्कर्ष तथा सुझाव** **६०**

**अनुसूची** **६३**
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ६४
अनुसूची २: राजस्व सुधार कार्ययोजनाका सूचकहरू ६७
अनुसूचि ३: विषयगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क सङ्कलनको नमूना फाराम ७०
अनूसुचि ४: वस्तुगत विश्लेषणसंग सम्बन्धित तथ्याङ्क सङ्कलनको नमूना फारामनु ७४
अनुसूचि ५: आय प्रक्षेपणको ढाँचा ८०

## तालिका सूची


तालिका १: वडा अनुसार क्षेत्रफल ११
तालिका २: वडा अनुसार जनसंख्या तथा घरधुरी १३
तालिका ३: गुराँस गाउँपालिकाका कार्यालयको दरबन्दी तेरिज १५
तालिका ४: मा आयका शिर्षक र संभावनाहरु २१
तालिका ५: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २४
तालिका ६: सम्भाव्य मालपोत करदाता तथा मालपोत कर २६
तालिका ७: सम्भाव्य घरजग्गा वहाल करदाता तथा कर २७
तालिका ८: व्यवसाय कर तथा संम्भावित आय २८
तालिका ९: विज्ञापन कर तथा संम्भावित आय २९
तालिका १०: बहाल बिटौरी शुल्क अन्तर्गत अनुमानित राजस्व ३२
तालिका ११: व्यवसाय दर्ता / रजिष्ट्रेशन दस्तुर तथा संम्भावित आय ३३
तालिका १२: सिफारिश तथा दस्तूरको सम्भाव्यता विवरण ३४
तालिका १३: फोहरमैला दस्तुर सम्भाव्यता विवरण ३६
तालिका १४: राजश्व परिचालन संस्थागत तथा नीति विश्लेषण ३७
तालिका १५: राजस्व परामर्श समिति ४०
तालिका १६: गुराँस गाउँपालिकाकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण ४१
तालिका १७: राजश्व परिचालनको वर्तमान अवस्था ४२
तालिका १८: गाउँपालिकाको राजस्व संरचना (रु हजारमा) ४४
तालिका १९: राजस्व सुधार कार्ययोजनाहरु ४८
तालिका २०: गैरकर राजस्व सुधार योजनाहरु ४९
तालिका २१: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण (रु. हजारमा) ५१
तालिका २२: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ५५
तालिका २३: प्रक्षेपित आय संरचना (रु. हजारमा) ६१


## चित्र सूची


चित्र १: सङ्घ र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण ३
चित्र २: गुराँस गाउँपालिकाकाको भौगोलिक अबस्थिति १२
चित्र ३: स्थानीय तहको राजस्व अधिकार १६
चित्र ४: राजस्व तथा करका विभिन्न शिर्षकहरु २३
चित्र ५: व्यावसाय कर संकलनको सम्भावित सुधारहरु २८
चित्र ६: राजस्व परिचालनमा रहेका सवालहरु ४५
चित्र ७: राजस्व सुधारका कार्य योजनाहरु ५८

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेकोछ। संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । त्यसैगरी संघ सरकारबाट असुल हुने मूल्यअभिबृद्धि कर र आन्तरिक अन्त शुल्कबाट प्राप्त हुने राजश्वबाट तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकमबाट तोकिएको प्रतिशत रकम प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ।

नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय सरकारहरुले विभिन्न किसिमका राजश्व उठाउन सक्ने अधिकारको बारेमा उल्लेख गरिएको छ। यी अनुदान तथा राजश्व बाँडफाँडबाट प्राप्त रकमले स्थानीय तहको खर्चको आवश्यकता केही अंशमात्र पुरा हुने हो सबै आवश्यकता पुरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बीचको अन्तर कम गर्न राज्यको राजश्व अधिकार मध्येबाट समेत तहगत सरकार बीच राजस्व अधिकार बाँडफाँड गरिएको छ। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानून बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ।

वर्तमान अवस्थासम्म अधिकांश स्थानीय निकायहरु संघ र प्रदेशबाट प्रदान गरिएको बाह्य श्रोतमा निर्भर रहेको देखिन्छ। स्थानीय तहहरुलाई स्थानीय राजश्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनिहरु करको संभाव्यता पहिचान गर्न, कर सम्बन्धि डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन। संविधान र कानूनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय सरकारहरु प्रदेश र संघको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजश्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय सरकारको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन। यसबाट छुट्कारा पाउनको लागि थानीय तहको राजस्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन

गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै सन्दर्भमा कर्णाली प्रदेश अन्तरगत दैलेख जिल्लाको महाबु गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजश्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजश्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनालाइ स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजश्व सुधार कार्ययोजनाको औचित्य

हाल नेपालको राज्य सञ्चालनमा संघ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले व्याख्या गरेको छ । देशमा सङ्घियता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरुलाइ पनि आफैंले राजश्व संकलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाइ व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरुका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेछिक रुपमा कर तिर्न प्रेरीत हुने वातावरण सिर्जना गर्न र कर लगाँउदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजश्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐन (२०७४) ले पालिकाहरुलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तथा परिनाममुखी तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडि अनेक कारणहरु हुनसक्छन जस्तै सङ्घिय संरचनाको अभ्यास नयाँ हुनु, आयका श्रोतहरुको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरुमा नहुनु, अनुगमन संयन्त्र नहुनु, स्थानीय

तहहरुसँग रहेका संभाव्य श्रोतहरुका बारेमा तथ्यांक नहुनु, राजश्व संकलन र त्यसको बाँडफाँड बारेमा जनतालाइ बुझाउन नसक्नु, स्थानीय तहमा राजश्वको दायरा बृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

उल्लेखित अवस्थाहरुमा सुधार ल्याउनको लागि आन्तरिक आयको अवस्था विश्लेषण गरि सुधारका मार्गहरुपय पहिचान गर्नु, राजश्व बृद्धिका संभावनाहरुको खोजी गर्नु, राजश्व प्रशासनको विद्यमान संगठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरु पहिल्याउनु, र आगामी ३ आर्थिक वर्षको  राजस्वको  प्रक्षेपण गर्नु नितान्त आवश्यक हुने हुँदा यस प्रतिवेदनमा कर्णाली प्रदेश अन्तरगत दैलेख जिल्लाको महाबु गाउँपालिकापय राजश्व सुधार कार्ययोजना तयार पारिएको छ ।




चित्र १: सङ्घ र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

## १.३ राजश्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु

राजश्व सुधार  कार्ययोजना तर्जुमाको मूल उद्देश्य महाबु गाउँपालिकाको आन्तरिक आय परिचालन क्षमता सुधारको लागि राजश्व सम्भाब्यता अध्ययन गर्नु, सम्भाब्यताको अधिकतम उपयोगको लागि गर्नुपर्ने कृयाकलापहरुको पहिचान गरी कार्ययोजना तयार गर्नु तथा सोको आधारमा भविष्यको आय प्रक्षेपण गर्ने कार्यमा उनीहरुलाई सक्षम बनाउनु रहेको छ । यस कार्ययोजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजश्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।

- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहअको राजश्व प्रशासनको सँगठनात्मक संरचना, राजश्व सङ्कलन तथा विलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानिय तहको समग्र राजश्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने,
- स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानूनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक बर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजश्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

कार्ययोजना तर्जुमाका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसारका चरणमा प्रस्तुत गरिएको छ । पहिलो चरण: सन्दर्भ सामग्री संकलन तथा समिक्षा राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको संकलन, अध्ययन तथा समिक्षा गरियो। संकलित सामाग्रीहरुको समिक्षाबाट आफुले गर्न आँटेको कामको रुपरेखा निर्धारण गर्न मद्दत पुगेको थियो। कार्य योजना निर्माणको लागि आवश्यक सूचकहरु पहिचान गर्न र सूचना संकलनको लागि आवश्यक प्रश्नावली तथा चेकलिष्ट विकास गर्ने कार्यको लागि पनि सन्दर्भ सामग्रीको अध्ययनले सहयोग पुगेको थियो। राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा अध्ययन गरिएको केही मूख्य सन्दर्भ सामग्रीहरुको सूची तल उल्लेख गरिएको छ ।



| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान | • राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>• स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>• संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | • गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३)<br>• गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेदः ९)<br>• गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | • राजस्वको अधिकार (परिच्छेदः २)<br>• राजस्वको बाँडफाँड (परिच्छेदः ३)<br>• अनुदानको व्यवस्था (परिच्छेदः ४)<br>• वैदेशिक सहायता तथा ऋण (परिच्छेदः ५)<br>• आय व्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>• राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>• वित्तिय अनुशासन (परिच्छेदः ८)<br>• नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १,२ र ३)<br>• प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) |
| राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | • प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान<br>• (परिच्छेद ४) |
| केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन | • स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व<br>• अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरु |
| नेपाल सरकारको वार्षिक वजेट वक्तब्य र आर्थिक ऐनहरु | • स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने<br>• संशोधित प्रावधानहरु |
| प्रदेश सरकारको वार्षिक वजेट वक्तब्य र प्रदेश आर्थिक ऐनहरु | • स्थानीय तह र प्रदेश सरकारबीच साझा अधिकार सूचीका<br>• विषयमा प्रदेश कानूनले गरेका व्यबस्थाहरु |
| एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ | • स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरुपताका लागि |
| स्थानीय तहको वस्तुगत विवरण ( प्रोफाईल) | • स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरुको |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| | आधार (द्यबकभ) बारेको सूचना र तथ्यांक |
| स्थानीय तहका विभिन्न आर्थिक वर्षहरुको योजना, बजेट तथा कार्यक्रमहरु | • स्थानीय राजस्व र आयको प्रबृत्ति विश्लेषण |
| संघ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु | • स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानूनी र नीतिगत व्यबस्था |
| अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरु | • सन्दर्भ सामग्रीको रुपमा |
| अन्य दस्तावेजहरु .............. | • सन्दर्भ सामग्रीको रुपमा |

**दोस्रो चरण: फिल्ड सर्भे पूर्व तयारी छलफल**

पालिकामा कार्ययोजना तर्जुमाका लागि आवश्यक तथ्याङ्क/सूचना संकलन गर्न जानुभन्दा पहिले प्रदेश शुशासन केन्द्र सुर्खेतमा मिति २०७८ चैत्र १७ मा एक दिवसीय छलफल कार्यक्रम राखिएको थियो । उक्त छलफल कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीबाट तयार पारिएको प्रश्नावली तथा चेकलिष्टका बारेमा विस्तृत छलफल भयो र उक्त छलफलमा प्रदेश शुशासन केन्द्रका तर्फबाट दिनुभएका सुझावहरूलाई समेत सम्बोधन गरी प्रश्नावली तथा चेकलिष्टलाई अन्तिम रुप दिइएको थियो । उक्त कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीका तर्फबाट विषय विशेषज्ञले राजस्व सुधार कार्ययोजना सम्बन्धी सैद्धान्तिक र व्यवाहारिक  पक्षहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो र उक्त प्रत्युक्तिकरणमा उठेका जिज्ञासाहरूलाई सम्बोधन पनि गर्नु भएको थियो ।

**तेस्रो चरण: अभिमुखीकरण कार्यशाला**

पालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिने फिल्ड अनुसन्धान टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्वन्धि काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा अभिमुखीकरण गर्ने कार्य गरेको थियो ।

## चौथो चरणः तथ्याङ्क/सूचना संकलन

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्यांकहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानूनहरु, प्रगति विबरणहरु तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन, संभव्यता अध्ययन प्रतिबेदनहरुबाट पनि आवश्यक सूचना र तथ्यांक प्राप्त गरियो । त्यसबाहेक, उद्योग वाणिज्य संघ, यातायात व्यबसायीहरुको संगठन, होटल व्यबसायीहरुको संगठन आदि पेशागत एबम् व्यबसायीक संस्थाहरु ल्गायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्यांकहरु संकलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु संकलन गरिएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक ब्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दा र असंगतिपूर्ण देखिन गएमा त्यसलाई पुनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरीसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार संकलन गरिएको थियो ।

## पाँचौ चरणः सूचना/तथ्याङ्कको विश्लेषण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्कक संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिने छ। सूचना विश्लेषणको लागि तथ्याङ्कीय विधी तथा गुणात्मक विश्लेषण विधी दुवैलाई प्रयोगमा ल्याइने छ । राजस्व सम्वन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधी प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधीद्वारा गरिएको थियो ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको थियो । यसरी तयार गरिने प्रक्षेपणले गुराँस गाउँपालिकाको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी गुराँस गाउँपालिकाको विगतको आयको बृद्धिदरको विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम विन्दुको आधारमा वर्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको थियो ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR .औसत बार्षिक बृद्धिदर

Ending Value = अन्तिम बर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण **अनुसूची ४** अनुसार गरिने छ ।

## छैठौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट आएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधीहरूको प्रयोग गरी मस्यौदा तयार गरिएको छ। लेखनको कार्य सकेसम्म भाषागत विज्ञता भएका व्यक्तिले गर्दा राम्रो हुने हुँदा लेखनको जिम्मेवारी कसले लिने हो पूर्व तयारी चरणमै निश्चित गरिएको थियो ।

## सातौं चरणः मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइने छ। यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजनका गरिने छ। यस्तो छलफलबाट प्रतिबेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिबेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुग्ने छ।

## आठौ चरणः अन्तिम प्रतिवेदन तयारी, छलफल तथा स्वीकृती

मस्यौदा प्रतिवेदन प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिने छ । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बीचमा प्रस्तुतिकरण गरिने छ । दिइएका सुझावहरुको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइने छ र स्थानीय

राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गराइनेछ । कार्यपालिकाबाट प्रतिबेदन स्वीकृत गराउँदा प्रतिबेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.६ अध्ययनको सीमा

यसमहाबु गाउँपालिको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रहि तयार गरिएको छ ।

- यस राजस्व सुधार कार्ययोजना गुराँस गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानिय पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको छलफल, गोष्ठि, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सूझाव र सूचनाको आधारमा तयार गरिएको हो ।
- संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजश्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रुपले बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाबाट प्राप्त हुने राजश्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।
- राजश्व सम्भाव्यता आँकलन गर्न प्रमाणिक तथ्यांक नभएको अवस्थामा सरोकारवाला हरुसंगको अर्न्तक्रियाबाट आवश्यक तथ्याङ्क लिएको थियो ।

# परिच्छेद दुई: गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन शसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ ।

## २.१ गुराँस गाउँपालिकाको गठन तथा नामांकरण

यस गुराँस गाउँपालिकाका कर्णाली प्रदेश अन्तरगत दैलेख जिल्लाको पश्चिम भाग तिर अबस्थित छ (चित्र २) । यो गाउँपालिको । नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाका चार गाउँपालिकार सात नगरपालिका मध्ये गुराँस गाउँपालिका दैलख जिल्ला निवाचन क्षेत्र नं. २ मा पर्दछ । पूर्वमा र दक्षिणमा सुर्खेत जिल्ला उत्तरमा दुल्लु नगरपालिका, डुंगेश्वर गाउँपालिका, पश्चिममा अछाम जिल्ला को भूभागको वीचमा अवस्थित गुराँस गाउँपालिका बि.सं. २०७३ फाल्गुन २७ गते स्थापना भएको थियो। प्राकृतिक सम्पदा, साधन श्रोतमा सम्पन्न भएर पनि आर्थिक रुपले कमजोर रहेको छ। यस गुराँस गाउँपालिकामा साविक खड्कवाडा गा.वि.स., साविक बराह,सेरी, गोगनपानी, पिलाडी गाविस र साविक लालीकाँडा गा.वि.स. मिलेर सिङ्गो गाउँपालिका वनेको छ ।

## २.२ प्रशासनिक विभाजन

यस गाउँपालिकालाई जम्मा ८ वटा वडामा बिभाजन गरिएको छ। यस गाउँपालिका क्षेत्रफलका हिसावले वडा ७ नं. सबैभन्दा ठूलो छ भने सबैभन्दा सानो वडा नं. २ हो, जसको क्षेत्रफल मात्र १०.३५ बर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल १६४.७९ बर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको प्रशासनिक विभाजन तथा क्षेत्रफल तलको तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १: वडा अनुसार क्षेत्रफल

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|
| १ | १७.७५ |
| २ | १०.३५ |
| ३ | १३.९७ |
| ४ | २२.६७ |
| ५ | ३०.३७ |
| ६ | २२.५५ |
| ७ | ३२.७८ |
| ८ | १४.३४ |
| **जम्मा** | **१६४.७९** |

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

जल, जमिन, जंगल, जडिवुटी, जंगली जनावर, एवम उर्वरभूमि रहेको यो गाउँपालिका पूर्व पश्चिम उत्तर दक्षिण गोलाकार भू-धरातल भएको अनेकतामा एकता रहेको गाउँपालिका हो । यो गाउँपालिकाको उत्तरी क्षेत्रमा रहेको वन जंगलका कारण  पानीका प्रशस्त श्रोतहरु, जडिवुटी, जंगली जनावर, तथा  निलम पाइनुका साथै स्याउ खेती र अलैची, खेतीको संभावना समेत रहेको छ । साथै पशुपालन तथा विभिन्न तरकारी खेतीको पनि प्रशस्त सम्भावना रहेको छ । यस गाउँपालिकाको मध्ये भागमा विभिन्न खाद्यवाली जस्तै धान, गहुँ, मकै, कोदो एवम तरकारी खेतीको प्रशस्त संभावना रहेको छ ।

पराजुलि खोला, सिस्नेरी खोला, लेहरे खोला निरन्तर वगिरहने खोलाहरु हुन । यी ३ वटै खोलाहरु ढुङगा, गिट्टी, वालुवा, जस्ता निर्माण सामाग्रीहरु उपलब्ध गर्न गराउन सकिने अवस्था छ । साथै जलविधुतको प्रशस्त सम्भावनाहरु रहेका छन् । लेकाली क्षेत्रमा पाईने निलम ढुङगा को उत्खनन गर्न सकेमा गुराँस गाउँपालिका लगायत सिङगो दैलेख जिल्ला, प्रदेश र राष्टकै आर्थीक समृद्धिमा टेवा पुग्ने सम्भावना रहेको छ ।




चित्र २: गुराँस गाउँपालिकाकाको भौगोलिक अबस्थिति

## २.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या

यस गाउँपालिकाको जम्मा क्षेत्रफल १६४.७९ वर्ग किलोमिटर छ भने घरधुरी सर्वेक्षण २०७४ अनुसार जम्मा जनसंख्या २३६४१ रहेको छ । बसोवासका हिसावले यस गाउँपालिकामा विभिन्न जात जातिहरु रहेको छन् । जसमा व्राहमण, क्षेत्री, दमाई, कामी, बादि, आदिवासी जनजाति आदिको वसोवास गरि आएका छन् । जसका आफ्नै भाषा भाषि छन् ।

यस गाउँपालिकामा कुल जनसंख्या २३६४१ (महिला ११३५८ र पुरुष १२२८३) रहेको छ साथै ३८७८ घरधुरी रहेको छ । साथै यस गाउँपालिकाको जनधनत्व १४३.४३ जना प्रति वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकामा सबैभन्दा बढी जनसङ्ख्या वडा न.३ मा (३७५०) र सबैभन्दा कम जनसङ्ख्या वडा नं. २ मा (३३११) रहेको छ । साथै यस पालिकामा वडा नं. ३ मा सबैभन्दा बढी ८०८ र सवैभन्दा कम वडा नं. १ मा ६०६ घरधुरि रहेका छन् । यस गाउँपालिकाको वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण तलको तालिका नं. २ मा दिइएको छ ।

तालिका २: वडा अनुसार जनसंख्या तथा घरधुरी

| वडा नं. | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|
| १ | ३३८ | २०८७ |
| २ | ४४८ | २६९१ |
| ३ | ५०८ | ३१२५ |
| ४ | ६३१ | ३८८२ |
| ५ | ६१६ | ३७६९ |
| ६ | ५६० | ३२६६ |
| ७ | ३९९ | २४३३ |
| ८ | ३७८ | २३८८ |
| **जम्मा** | **३८७८** | **२३६४१** |

*स्रोत: वस्तुस्थिति विवरण, गुराँस गाउँपालिकाका २०७५*

## २.५ आर्थिक अवस्था

गाउँपालिका पार्श्वचित्र र फिल्ड अध्ययन अनुसन्धान गर्दा यस गाउँपालिकाको प्रमुख पेशा कृषि तथा पशुपालन रहेको छ। यस गाउँपालिकाको कुल जनसंख्यामध्ये कृषिमा लगभग २८.७६ प्रतिशत, नोकरी तथा जागिरमा २.०२ प्रतिशत, वैदेशिक रोजगारीमा ०.५ प्रतिशत, उद्योग तथा व्यापार व्यवसायमा करिब १.५ प्रतिशत जनसंख्या संलग्न रहेको पाइन्छ । यस गुराँस गाउँपालिकाको प्रतिव्यक्ति बार्षिक आम्दानी रु ३३५८ मात्र देखिन्छ । गाउँपालिका पार्श्वचित्र र फिल्ड अध्ययन अनुसन्धान अनुसार एक परिवारले एक बर्ष भित्र गर्ने औसत आम्दानी र खर्चको विश्लेषण गर्दा कुल आम्दानीको औसतमा ३५.७७% खर्च गर्ने सर्भेक्षणबाट देखिन्छ ।

यस गुराँस  गाउँपालिकाकामा आफ्नै कृषि उत्पादनले बर्षभरि खान पुग्ने जनसंख्या भने कमै रहेको सर्भेक्षणबाट देखिन्छ। आफ्नै उत्पादनले १ देखि ३ महिलना सम्म खान पुग्ने लगभग ३६.५ प्रतिशत घरघुरि, ४ देखि ६ महिना सम्म खान पुग्ने ४०.२६ प्रतिशत, ७ दखि ९ महिना सम्म खान पुग्ने १०.६ प्रतिशत घरघुरि छन् भने मात्र ११.५४ प्रतिशत घरघुरिलाई ९ महिना भन्दा बढी खान पुग्ने देखिन्छ । यस गाउँपालिकामा लगभग १३.८८ प्रतिशत घरपरिवारको आफ्नै खेति योग्य जमिन नभएको पनि जानकारीमा आएको छ ।

यस गाउँपालिकाको आवासीय संरचनाको अवस्था हेर्दा कुल घरधुरी ३८७८ मध्ये अधिकांस परिवारको आफ्नै घर भएको छ । गाउँपालिका कुल परिवार मध्ये ३९५४ परिवार आफ्नै एकल घरमा वस्दछन भने सगोलमा वस्ने ३१ र भाडामा वस्ने २०४ परिवार रहेको फिल्ड सर्भेक्षणबाट देखिन्छ। यस पालिकामा घरहरुको छाना धेरैजसो खर वा फुसको २५५ जस्ताको छाना १७२९ रहेका छन् । यसका साथै टायल वा ढुंगाले छाएका घरहरु १७८६ र सिमेन्टद्वारा बनेका घर संख्या ८७ रहेका छन् ।

यस पालिकामा भवन मापदण्ड लागू भैसकेको भए पनि अझै मापदण्ड विना बनेका घरहरु पनि भेटिएका छन्। सर्भेक्षण अनुसार मापदण्ड विपरित वनेका घर ३७७० (९७.२१%) छन् भने मापदण्ड अनुसार बनेका ८७ (२.२४%) छन् भने मापदण्ड नै थाहा नभएका घरहरु २१ (.५४%) रहेको देखिन्छ। साथै यस गाउँपालिकामा बनेका ८७ घरहरु भुकम्प प्रतिरोधी छन्, ३७९१ घरहरु भुकम्प प्रतिरोधी छैनन् ।

यस गाउँपालिकामा कृषि (धान, मकै, कोदो) बाहेक अन्यहरु माछा पालन, मौरी पालन, बाखा पालन, पनि गरेको देखिन्छ ।

## २.६ गाउँपालिकाको मानव संसाधनको अवस्था

नवगठित गाउँपालिका/गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भई आएको छ। यस गाउँपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरु कार्यरत रहेका छन् । जसको विवरण तलको तालिका नं. ३ र ४ मा प्रस्तुत गरिएको छ। यस गाउँपालिकाको कार्यालयमा २०७८ चैत्र महिनासम्म कार्यरत स्थायी कर्मचारीहरूको संख्यात्मक विवरण देहायअनुसार रहेको छ ।

तालिका ३: गुराँस गाउँपालिकाका कार्यालयको दरबन्दी तेरिज

| क.सं. | पद | सेवा | कार्यरत संख्या |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | प्रशासन | |
| २ | अधिकृत | प्रशासन | २ |
| ३ | अधिकृत | योजना | १ |
| ४ | अधिकृत | स्वास्थ्य | ५ |
| ५ | अधिकृत | सा.वि | १ |
| ६ | अधिकृत | कृषि | १ |
| ७ | अधिकृत | पशु | १ |
| ८ | अधिकृत | लेखा | १ |
| ९ | इन्जिनियर | प्राबिधिक | १ |
| १० | सव ईन्जिनियर | प्राबिधिक | १ |
| ११ | अमिन | प्राबिधिक | |
| १२ | सहायक | प्राविधिक, लेखा, आलेप, पशु, वडा, जिन्सि, कृषि, प्रशासन, योजना | ३५ |
| १३ | कार्यायल सहयोगी | गाउँपालिका कार्यालय | २७ |
| | **कार्यालय तर्फ कुल** | | **६९** |
| | **वडा कार्यालय तर्फ कुल** | | **१६** |
| | **कुल जम्मा** | | **८५** |

श्रोत: गुराँस  गाउँपालिकाकाको आधिकारीक वेबसाइट, २०७८ चैत्र २७

## २.७ गाउँपालिकाको भौतिक सम्पतिको अवस्था

यस गुराँस  गाउँपालिकाका आफ्नै कार्यालय भवन नभएको हुनाले हाल भाडामा कार्यालय संचालन भैरहेको छ । साथै वडा नं.  १ ,२ र ३ वडा कार्यायलहरुको आफ्नो भवन नभएकोले भाडामा नै संचालन भैरहेको छ। बाँकि ४ र ५  वडा कार्यालयहरुको आफ्नै भवनमा कार्यालय संचालन भैरहेको छ । गाउँपालिका तथा आफ्नो भवन नभएका वडाहरुले निकट भविश्यमा आफै भवन बनाउने योजना पनि रहेको छ। सवारी साधनअन्तर्गत यस पालिकामा स्कर्पियो जिप १, एम्बलुलेन्स २ र मोटरसाइकल २४ थान रहेको छ । यस गाउँपालिका तथा सबै वडाहरुमा कम्प्युटर तथा प्रिन्टर, टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामग्रीहरु रहेका छन् । यस गाउँपालिका कार्यालय प्रयोजनका लागि आवश्यक अन्य न्यूनतम कार्यालय सामग्रीहरू रहेका छन् ।

# परिच्छेद तीन: स्थानिय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरुलाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ। यस विश्लेषणबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग गर्ने छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तरगत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ। चित्र नं. ३ मा राजस्व अधिकारहरुलाई देखाइएको छ।




चित्र ३: स्थानीय तहको राजस्व अधिकार

संघीय कानुन अन्तरगत स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**क) गाउँपालिकाको एकल अधिकार:**

**१) कर**

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडिबुटी, कवाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ्ग शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- गाउँपालिकाद्वारा निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय,

पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर

- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।

- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**२) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिकावा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानूनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आयका शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

तालिका ४: मा आयका शिर्षक र संभावनाहरु

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | छ | भएको |
| २ | सम्पत्ति कर | छ | छ | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | छैन | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | छ | भएको |
| ५ | व्यवसाय कर | छ | छ | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | छैन | नभएको |
| ७ | विज्ञापन कर | छ | छ | नभएको |
| ८ | मनोरञ्जन कर | छैन | छैन | नभएको |
| **(ख) गैरकर तर्फ** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | छ | भएको |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | छैन | नभएको |
| ३ | नक्सापास दस्तुर | छ | छ | भएको |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | भएको |
| ५ | बहाल विटौरी शुल्क | छ | छैन | नभएको |
| ६ | पार्किङ्ग शुल्क | छ | छैन | नभएको |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | छैन | छैन | नभएको |
| ८ | अस्पताल संचालन | छ | छैन | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | छ | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छैन | छैन | भएको |
| ११ | स्थानीय विद्युत् महसुल | छ | छ | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | छैन | नभएको |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | छैन | नभएको |
| १४ | मूल्यांकन सेवा शुल्क | छ | छ | नभएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | छ | छ | भएको |

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छैन | नभएको |
| १७ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| १८ | दण्ड जरिवाना | छ | छ | भएको |
| १९ | व्न पैदावर(सामुदायिक वनको) बिक्रि बापतको आय | छ | छ | नभएको |

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गाउँपालिकाले आन्तरिक स्रोत अन्तरगत राजस्व विभिन्न शिर्षक अन्तरगत राजस्व संकलन गर्न सक्नेछन जस अनुसार प्रमुख क्षेत्रहरु राजस्व र विज्ञापन करका विभिन्न शिर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र नं. ४)।




चित्र ४: राजस्व तथा करका विभिन्न शिर्षकहरु

### ३.३.१ कर राजस्व

**क. सम्पत्ति कर**

**हालको अवस्था:** यस गाउँपालिकाले हाल सम्म कानुनी प्रावधान अनुरुपको सम्पत्ति कर लागु गरेको छैन । विगतको आ.व. २०७५/७६ देखि सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागू गर्ने उद्देश्य अनुरुप सम्पत्ति कर सम्बन्धि तालिम कार्यक्रम संचालन गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरिएको छ। सोही आ.व. देखि लागू हुने गरि एकीकृत सम्पत्तिकरको प्रावधानमा परिमार्जन गरिए संगै केही अन्यौलताका कारण यो कर लागु नभएको बुझिन्छ ।

गाउँपालिकाको आ.व. २०७८/७९ को आर्थिक ऐनको दफा २ मा सम्पत्ति करलाई उल्लेख गरिएको छ। यसको साथै नागरिक वडापत्रमा सम्पत्ति कर सम्बन्धी उलेख गरिएको छ।

**संभाव्यता:**

गाउँपालिकाको वस्तुस्थिति विवरण २०७५ अनुसार यहाँ कुल ३९८५ घरधुरी रहेका छन्। विद्यमान कानूनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ३९८५ घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । तसर्थ गाउँपालिका प्रोफाइलमा उल्लेख भए वमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई घरहरूलाई कच्ची र फुस/खरले छाएका घर, ढुंगा,माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यसअनुसार हुन आउने सम्पत्ति करको गणना निम्नअनुसार रहेको छ :

तालिका ५: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| करदाता सम्बन्धी विवरण | करदाताको संख्या | करको औसत दर (प्रस्तावित)* | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| ढुंगा,माटो र फुस/खरको छानोको घर भएका | २५५ | १०० | २५५०० |
| ढुंगा,माटोको जोडाई, सिमेन्ट पलास्टर र टायल/टिनको छानोको घर भएका | १७२९ | २०० | ३४५८०० |
| ढुंगा,माटोको जोडाई, सिमेन्ट पलास्टर र ढुङ्गाको छानोको घर भएका | १७८६ | २०० | ३५७२०० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | ८७ | १००० | ८७००० |
| अन्य | २१ | १०० | २१०० |
| **जम्मा** | ३८७८ | | ८१७६०० |

श्रोत: गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७४ अनुसार *(गाउँपालिकाको आर्थिक ऐन अनुसार)

**सुधारका पक्षहरूः**

सम्पत्ति कर कार्यान्वयनका लागि यस गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छः

- ✓ चालु आ.व. को आर्थिक ऐनमा दफा अनुसार अनुसूची नभएकाले आगामी आवमा त्यसलाई सच्याएर दफा अनुसारका अनुसूची मिलान गरी बनाउने
- ✓ घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- ✓ सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- ✓ सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।
- ✓ सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर गाउँपालिकाकार्यालय तथा सबै वडारूबाट संकलन गर्ने
- ✓ सम्पत्ति करलाई घर करको शिर्षकमा नराखि सम्पत्ति करको शिर्षकमा राख्नुपर्ने ।

## ख. मालपोत वा भूमि कर

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐनको अनुसुची २ अनुसार भुमि कर लगाइने र असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ । ऐनमा भुमि कर (मालपोत) शिर्षक दिइएको छ । जग्गाको विभिन्न वर्गिकरण अनुसार कर संकलन गर्ने नियममा उल्लेख गरिएको छ । जस अनुसार बारी र खेतलाई परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार-चार समूहमा वर्गीकरण गरि सो जग्गाको क्षेत्रफल अनुसार कर संकलन गर्ने व्यवस्था गरिएको छ । अनसुची २ मा मालपोतलाई मालपोत दस्तुर भनेर खेत पाखोलाई अब्बल, दोयम, सिम चाहरमा वर्गीकरण गरी दर निर्धारण गरिएको छ । यस शिर्षकमा आ.व. २०७७/७८ मा रु. १०३५८०९ रकम संकलन भएको छ ।

**संभाव्यताः**

गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार कुल यस गाउँपालिकाको कुल ३८७८  घरधुरी संग औसत ३७ रोपनिका दरले जग्गाको स्वामित्व रहेको देखिन्छ । यसरी करिब ३८७८ परिवारको नाममा औसत ३७ रोपनिका दरले जम्मा १,४६,१५२ रोपनि मालापोत योग्य जग्गा हुने देखिन्छ । उक्त जमीनमा गाउँपालिकाले जमीनको वर्गिकरण अनुसार कर लगाउँदा प्रति रोपनीको औसत रु. १०० का दरले लगाउदा कुल लगभग रु. ८६ लाख २२ हजार कर संकलन हुन सक्ने सम्भावना रहन्छ ।

तालिका ६: सम्भाव्य मालपोत करदाता तथा मालपोत कर

| सि.नं. | जग्गा जमिनको विवरण पहाड (रोपनी) | क्षेत्रफल | औसत कर को दर रेट प्रति रोपनि रु. | जम्मा |
|---|---|---|---|---|
| १ | खेत | ४३८४६ | ८० | ३५०७६८० |
| २ | बारि | १०२३०६ | ५० | ५११५३०० |
| | जम्मा | १४६१५२ | | ८६२२९८० |

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् :

- गाउँपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रहरुमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

### ग. घरजग्गा वहाल कर

**हालको अवस्था:** गाउँपालिकाको चालू आर्थिक ऐनको दफा ४ तथा अनुसुची ३ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घरबहाल कर लगाई असुल उपर गरिनेछ भन्ने उल्लेख गरेको छ । गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस गाउँपालिकामा कुल २०४ परिवार भाडामा बस्दै आएका छन । यस गाउँपालिकामा जेठ मसान्त सम्ममा यस शिर्षकमा रु. १०४३७३ राजश्व संकलन भएको छ ।

**संभाव्यता:**

यस गाउँपालिका क्षेत्रमा २०४ परिवार जग्गा बहालमा रहेका छन् जस अनुसार कुल  भाडाको घरमा बस्दै आएका छन् । भाडा बापत वार्षिक करिब रु. १ करोड ०३ लाख ३८ हजार ( २०४ घर र २४५ व्यवसाय ) आम्दानी गरेका छन् भने त्यसको १० प्रतिशत घर वहालमा लगाए बापत तथा १० प्रतिशत कर व्यवसाय वहालमा लिंदा रु १०३३८०० कर प्राप्त हुन सक्ने देखिन्छ ।

तालिका ७: सम्भाव्य घरजग्गा वहाल करदाता तथा कर

| क.सं. | बहालमा बस्ने प्रयोजन | बहालमा बस्ने अनुमानित संख्या | अनुमानित औसत भाडा रकम | वार्षिक भाडा रकम | घरबहालको १०% का दरले हुने आम्दानी |
|---|---|---|---|---|---|
| १ | कोठा भाडामा बस्ने | २०४ | १००० | २४४८००० | २४४८०० |
| २ | व्यापार व्यवसाय | २४५ | २५०० | ७३५०००० | ७३५००० |
| ३ | बैंक तथा सहकारी | १ | १५००० | १८०००० | १८००० |
| ४ | औद्योगिक प्रायोजन | ३ | १०००० | ३६०००० | ३६००० |
| | **जम्मा** | ४५३ | | | १०३३८०० |

**सुधारका पक्षहरूः**

गाउँपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र वस्ने ब्यक्तिहरुको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।

## घ. व्यवसाय कर

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐनको दफा ५ मा व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था उल्लेख गरेको छ। आर्थिक ऐनको अनुसुची ४ मा विभिन्न व्यवसायमा लाग्ने व्यवसाय कर सम्बन्धी उल्लेख गरेको छ। साथै नयाँ व्यवसाय दर्ता र नवीकरण सम्बन्धी कार्यविधि २०७५ पनि जारी गरेको छ । आ.व ७६/७७ सम्ममा कृषि फर्म ३५ वटा, किराना, कपडा तथा फेन्सी २५९ वटा, खाजा होटल १२७ वटा र अन्य गरी जम्मा ६१४ वटा व्यवसायिक फर्महरु दर्ता भएका छन् ।

**संभाव्यताः**

यस गाउँपालिकाको पार्श्वचित्र २०७५ तथा वार्षिक योजना २०७६ मा यस गाउँपालिका क्षेत्र भित्र भएका व्यवसायहरुको बारेमा उल्लेख गरिएको छ । गाउँपालिकाको प्रकाशन, केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को नतिजा (गाउँपालिकामा जम्मा ६१४ वटा व्यवसायहरु रहेका छन् र यसमा जम्मा १०८३ जना आवद्ध भएका), छन् । यस गाउँपालिकाभित्र करिब २५६ वटा विभिन्न किसिमका व्यवसायहरु संचालनमा रहेको अनुमान छ । सोही आधारमा विश्लेषण गरि व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ (तालिका नं. ८):

तालिका ८: व्यवसाय कर तथा संम्भावित आय

| सि.न. | व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | ३५ | ५०० | १७५०० |
| २ | उत्पादन | ७२ | १००० | ७२००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | १ | २००० | २००० |
| ४ | थोक तथा खुद्रा व्यापार | २५९ | ५०० | १२९५०० |
| ५ | होटल, लज | १२७ | ५०० | ६३५०० |
| ६ | वित्त, वीमा | ८ | ३००० | २४००० |
| ७ | अन्य | ११२ | ५०० | ५६००० |
| | | | **जम्मा** | **३६४५००** |

स्रोत: आर्थिक गणना २०१८ (* गाउँपालिकाको आर्थिक ऐन अनुसार)

**सुधारका पक्षहरू:**

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ (चित्र नं. ५) ।




चित्र ५: व्यावसाय कर संकलनको सम्भावित सुधारहरु

## ङ. विज्ञापन कर

**हालको अवस्था:** यस गाउँपालिकाको आर्थिक ऐन २०७८ मा विज्ञापन कर सम्बन्धी व्यवस्था साथै करको दर समेत उल्लेख गरिएको छ । उक्त कानुन अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन

बोर्ड/होडिङ बोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यावस्था छ । संघीय कानुन अनुसार विज्ञापन कर प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गर्दछ र उक्त संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारले र वाकि स्थानिय सरकारले लिन व्यावस्था रहेको छ । गाउँपालिकाले पर्यटकीय सम्भावना रहेका स्थानहरू, सडकका छेउमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर संकलन गर्न सक्ने छ ।

**संभाव्यताः**

गाउँपालिकाक्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा व्यवसाय हरुले गर्ने विज्ञापन बापत ६१४ व्यवसायले औसत रु.५०० ले अनुमानित रु. १ लाख २८ हजार सम्म संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

तालिका ९: विज्ञापन कर तथा संम्भावित आय

| सि.न. | होडिं बोर्डका किसिम | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) |
|---|---|---|---|---|
| १ | साना बोर्ड | ५० | ५०० | २५००० |
| २ | मझौला बोर्ड | ३० | १००० | ३०००० |
| ३ | व्यवसायिहरुले राखेका बोर्ड | २४५ | २५० | ६१२५० |
| | | | **जम्मा** | **११६२५०** |

**सुधारका पक्षहरूः**

सुधारका पक्षहरु निम्नानुसार गर्न सकिन्छः

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### ३.३.२ गैर कर राजस्व

**क) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)**

**हालको अवस्था :** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६२ क मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री गरि कर उठाउन सक्ने प्रावधान रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको

मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

माथि उल्लेखित वस्तुहरु गाउँपालिका आफैले बिकी गर्न सक्ने प्रावधान भएपनि हालसम्म यो प्रावधान लागु भएको छैन । आर्थिक ऐनमा प्रदेश कानुन अनुशार दहत्तर, बहत्तर आदिको संकलन तथा बिक्री गरी बिक्री शुल्क लगाइने र असूल उपर गर्ने व्यवस्था गरिएको छ । रामगाड, भूतगाड,लोहरे खोला निरन्तर वगिरहने खोलाहरु हुन । यी ३ वटै खोलाहरु ढुङगा, गिट्टी, वालुवा, जस्ता निर्माण सामाग्रीहरु उपलब्ध गर्न गराउन सकिने अवस्था छ । साथै जलविधुतको प्रशस्त सम्भावनाहरु रहेका छन् । लेकाली क्षेत्रमा पाईने निलम ढुङगा को उत्खनन गर्न सकेमा गुराँस गाउँपालिका लगायत सिङगो दैलेख जिल्ला, प्रदेश र राष्टकै आर्थीक समृद्धिमा टेवा पुग्ने सम्भावना रहेको छ ।

यस गाउँपालिकामा ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री गरि कर उठाउन सक्न संभावना भएकोले आर्थिक ऐनमा गाउँपालिकाभित्रको नदीजन्य पदार्थको बिक्री गर्न सकिने व्यवस्था राखिएको छ ।

**सम्भावना :**

यस गुराँस गाउँपालिकाकाले सम्भाव्य क्षेत्रको प्रारम्भिक वातावरणिय परिक्षण गरि उत्खनन गर्न सकिने परिमाण र उल्लेखित स्थानहरु तोकि जसबाट अनुमानित जम्मा रु. १ करोड तिन वटा खोला वाट र २ करोड अन्य खानिहरु वाट जम्मा ३ करोड संकलन हुन सक्ने देखिन्छ । तर पनि हालको बिक्री अवस्था र बजारलाई विस्लेशण गर्दा आगामी आ.व.मा जम्मा १ करोड संकलन हुन सक्ने संभावना रहेको छ ।

**सुधारका पक्षहरू :**

विभिन्न वातावरणीय पक्षलाई मध्यनजर गर्दै तल उल्लेखित सुधारहरु गरे अनुमानित राजस्व उठ्न सक्ने देखिन्छ ।

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका आफैले संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ठेक्का नलागुञ्जेलका लागि गाउँपालिकास्वयम्ले रकम संकलन गर्ने ।
- गाउँपालिकाले आर्थिक ऐनमा समावेस गरि दर रेट कायम गर्ने र नियम विपरित संकलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः** गाउँपालिकाभित्र गाउँपालिकाले सञ्चालन गरेको हाटवजार वा सरकारी जग्गामा बनेका संरचना उपयोग जर्न दिए वापत बहाल विटौरी शुल्क लगाउन संकलन गर्न पाउने कानुनी व्यवस्था रहेको छ। गाउँपालिकाले आर्थिक ऐनको दफा १० को अनुसूची (९) अनुसार असुल उपर गर्ने व्याहोरा उल्लेख गरिएको छ। यस गाउँपालिकाभित्र बहाल बिटौरी शुल्क उठाउने गरिएको छैन ।

**संभावनाः**

गाउँपालिकाले आवश्यक पहल गरेमा यस गाउँपालिकामा संचालन भैरहेका बजार क्षेत्र उक्त ठाउँहरु वा संरचनाबाट यस शिर्षक अन्तर्गत करिब रु. ५ लाख सम्म संकलन हुने अनुमान गरिएको छ।

## ग) नक्सा पास दस्तुर

**हालको अवस्थाः** आर्थिक ऐन २०७७ को दफा १३ मा स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची १२ मा तोकएको दर अनुसार सेवा शुल्क तथा दस्तुर संकलन गर्ने व्यवस्था गरेको छ। यस गाउँपालिकाको पुर्वाधार व्यबस्थापन ऐन,२०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ। यस सेवा दिए बापत गाउँपालिकाले वार्षिक रुपमा राजस्व संकलन गरेको देखिदैन। आ.व. ७७/७८ को चैत्र मसान्तसम्म यस शिर्षकमा रकम संकलन भएको छैन ।

**सम्भावनाः**

गाउँपालिकाभित्र नयाँ निर्माण हुने सबै घरहरूको विद्यमान कानुनी व्यवस्थाअनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन्छ । गाउँपालिकाबाट प्राप्त तथ्यांक अनुशार आगामी आ.व. २०७९ मा जम्मा ८७ वटा नयाँ घरहरुले नक्सापास इजाजत लिएका छन् । साथै करिब ३८७८ वटा पुराना घरहरु अभिलेखिकरणमा आउने पनि अनुमान गरिएको छ। नक्सापास दस्तुर संकलनको अनुमानीत रकम तलको तालिका नं. १० मा प्रस्तुत गरिएको छ :

तालिका १०: बहाल बिटौरी शुल्क अन्तर्गत अनुमानित राजस्व

| सि.न. | घरका किसिम | परिमाण | करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाँ घर | २० | ५००० | १००००० |
| २ | नक्सा पास दस्तुर | ५१ | ५००० | २५५००० |
| ३ | पुराना घरहरुको अभिलेखिकरण | ३८७८ | ८०० | ३१०२४०० |
| | | | जम्मा | ३४५७४०० |

**सुधारका पक्षहरू:**

नक्सापास तथा घर अभिलेखीकरण प्रक्रियालाई पहल गर्न आवश्यक देखिन्छ । यसले गर्दा भवन निर्माण प्रक्रियालाई समेत नियमन गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- आवश्यक मापदण्ड अनुसार नक्सापासको प्रावधान लागु गर्ने ।
- घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गर्ने र समयानुकुल दस्तुर पनि परिमार्जन गर्दै लैजाने ।
- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।

**घ) व्यवसाय दर्ता / रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)**

**हालको अवस्था:** आर्थिक ऐनको दफा ५ मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अनुसूची ४ मा इजाजत सेवा सम्बन्धी व्यवस्था गरेको छ । जस अन्तरगत स्थानीय तहले विभिन्न व्यावसायहरु जस्तै एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्ने प्रावधान रहेको छ। यसको साथै गाउँपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र प्रदान कार्यविधि २०७५ तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको छ । तेसरिनै यस गाउँपालिकाले डम्पिङ्ग साईट को व्यवस्था गरि फोहोरमैला व्यवस्थापन तथा प्रदुषण शुल्क लिने गरेको छ ।

**सम्भावना :**

गाउँपालिकाभित्र संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन

चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ। गाउँपालिकामा यस्ता व्यवासायिक फर्महरू करिवसंकलन हुने अनुमान गरिएको छ।

तालिका ११: व्यवसाय दर्ता / रजिष्ट्रेशन दस्तुर तथा संम्भावित आय

| **सि.न.** | **ब्यवसाय** | **संख्या** | **करको औषत दर (प्रस्तावित)** | **संभावित राजश्व (रू. मा)** |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | ३५ | १००० | ३५००० |
| २ | उत्पादन | ७२ | २००० | १४४००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | १ | १५०० | १५०० |
| ४ | थोक तथा खुद्रा व्यापार | २५९ | १००० | २५९००० |
| ५ | होटल, लज | १२७ | १००० | १२७००० |
| ६ | वित्त, वीमा | ८ | ५००० | ४०००० |
| ७ | अन्य | ११२ | ५०० | ५६००० |
| **जम्मा** | | ६१४ | | **६६२५००** |

**सुधारका पक्षहरू**

- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्न अनुमति प्रमाणपत्र अनिवार्य गर्ने र अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई दण्ड जरिवानाको व्यवस्था गर्ने।
- आर्थिक ऐन अनुसार दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने।
- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायहरुको तथ्याङ्क अभिलेखीकरण गरि अनुमति प्रमाणपत्र लिन लगाउने।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्था:** आर्थिक ऐन मार्फत् गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरे वापद कार्यपालिकाको कार्यालय तथा वडाबाट सुल्क तथा दस्तुर संकलन गर्दैआएको छ। आर्थिक ऐनले सेवा शुल्क वापत विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ। सिफारिश तथा प्रमाणित दस्तुर बापत यस गाउँपालिकाले आ.व. ७७/७८मा यस शिर्षकमा रु १३२२१८ संकलन गरेको छ।

**सम्भावना :**

गाउँकार्यपालिकाको कार्यालय तथा वडाको तथ्यांक अनुसार गाउँपालिकाका सबै (८ वटा) वडाहरुले औसत २०० का दरले वार्षिक १६०० वटा शुल्क लाग्ने सिफारिश गर्ने अनुमान गरिएको छ।

त्यस्ता सिफारिशहरुबाट औसत रु. १०० का दरले जम्मा रु. १ लाख ६० हजार संकलन हुने देखिन्छ ।साथै यस गाउँपालिकाले आगामी आ.व.मा यस शिर्षक अन्तरगत जम्मा रु. १९ लाख ६० हजार दस्तुर संकलन हुने अनुमान गरिएको छ ।

तालिका १२: सिफारिश तथा दस्तूरको सम्भाव्यता विवरण

| क्र.सं. | प्रमाणित तथा दस्तुरका प्रकारहरु | अनुमानित संख्या (वार्षिक) | औसत दर रु. | संभाव्य रकम |
|---|---|---|---|---|
| १ | सिफारिस | १६०० | १०० | १६०००० |
| २ | व्यक्तिगत घटना दर्ता | ६०० | ५० | ३०००० |
| ४ | अन्य दस्तुर | १००० | २५० | २५०००० |
| ५ | न्यायिक दण्ड जरिवाना र जफत | ८०० | २०० | १६०००० |
| ६ | नाता प्रमाणित दस्तुर | ६०० | १०० | ६०००० |
| ७ | प्रशासनिक दण्ड जरिवाना र जफत | ८०० | ५०० | ४००००० |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क ( मुल्यङ्कन समेत) | १००० | ५०० | ५००००० |
| ९ | अन्य | १६०० | २५० | ४००००० |
| | | | **जम्मा** | **१९६००००** |

**सुधारका पक्षहरू :**

- शिर्षक अनुसार सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

## च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्थाः** यस गाउँपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरि एम्बुलेन्स, ट्राक्टर र प्रोजेक्टर भाडामा लगाई आम्दानी गर्ने गरेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधि तयार गरेर आफै दर रेट निर्धारण गर्ने गरेको छ । यस गाउँपालिकाको स्वामित्वमा रहेका एम्बुलेन्स, प्रोजेक्टर, ट्राक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ ।

**सम्भावनाः**

गाउँपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू ( एम्बुलेन्स,ट्राक्टर र प्रोजेक्टर) का बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार एम्बुलेन्सबाट अनुमानित आय १ लाख, ट्राक्टरबाट १ लाख र प्रोजेक्टरबाट पचार हजार गरि कुल जम्मा २ लाख पचास हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारढा गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

**छ) : जडिबुटि, कवाडी र जीवजन्तु  कर**

**हालको अवस्था :** आर्थिक ऐन २०७८ को दफा ६ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिबुटि,बनकस,कबाडि माल र प्रचलित कानुनले निषेध गरिएको जिबजन्तु बाहेकका अन्य मृत वा मारिएका जिबजन्तुको हाड, सिङ,प्वाख,छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसुचि (५)बमोजिमको कर लगाइने र संकलन  गर्ने व्यवस्था गरेको छ । हाल सम्म कुनैपनि कर संकलन भएको छैन ।

**सम्भावनाः** यस अनुसुचि अनुसार जीवजन्तु छाडा छोडेमा कर लिने प्रावधान राखिएको छ। जस अनुसार जीवजन्तु अनुसार दर तोकिएको भएता पनि कर संकलन हुने संभावना कम देखिएको छ।

**ज) : फोहोरमैला व्यवस्थापन**

**हालको अवस्थाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । तापनि यस गाउँपालिकाले हालसम्म पनि कुनै पनि फोहोर मैला शुल्क उठाउन सकेको पाइएको छैन । गाउँवासीले स्वविवेकले फोहोर मैला व्यवस्थापन गरिआएका छन् । गाउँ क्षेत्रमा तत्काल फोहोर मैला व्यवस्थापन शुल्क सुरु गर्न सकिने अवस्था नदेखिए पनि बजारीकरण हुदै गरेका आसपासका क्षेत्रमा फोहोरमैला व्यवस्थापन सुरु गर्नुपर्ने अवस्था छ ।

**सम्भावनाः**

गाउँपालिकाको बजार क्षेत्रमा साना तथा मझौला पसल व्यवसाय सञ्चालनमा रहेका बद्दै जानुको साथै शहरीकारण बद्दै जानाले यस क्षेत्रमा फोहोर व्यवस्थापनको काम तत्काल सुरु गर्नुपर्ने देखिन्छ। यसका उचित व्यवस्थापनको लागि उपयुक्त स्थान खोजी गर्ने तथा कानुन अनुसार क्षेत्रबाट फोहोर मैला व्यवस्थापन शुल्कको सुरुआत गर्न सकिने सम्भावना देखिन्छ। प्रदुषण शुल्क बापलत घरहरुवाट रु.१८६१२०० र व्यवसायवाट औसत रु २०० का दरले रु.५१४८०० कुल जम्मा रु. २६८०८०० संकलन हुने अनुमान गरिएको छ।

तालिका १३: फोहरमैला दस्तुर सम्भाव्यता विवरण

| क्र.सं. | फोहर मैला प्रकारहरु | अनुमानित संख्या | औसत दर रु. | संभाव्य रकम |
|---|---|---|---|---|
| १ | घरायसि | १५५१ | १२०० | १८६१२०० |
| २ | होटल | १२७ | २४०० | ३०४८०० |
| ४ | अन्य व्यवसाय | ४२९ | १२०० | ५१४८०० |
| | | | **जम्मा** | २६८०८०० |

**सुधारका पक्षहरुः**

- शहरीकारण बद्दै जानाले यस क्षेत्रमा फोहोर व्यवस्थापनको काम तत्काल सुरु गर्नुपर्ने देखिन्छ।
- यसका उचित व्यवस्थापनको लागि उपयुक्त स्थान खोजी गर्ने तथा कानुन अनुसार क्षेत्रबाट फोहोर मैला व्यवस्थापन शुल्कको सुरुआत गर्न सकिने सम्भावना देखिन्छ।

# परिच्छेद चार: आय संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेद चारमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ। यस विश्लेषणले गाउँपालिकाको थप आय संकलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

तालिका १४: राजश्व परिचालन संस्थागत तथा नीति विश्लेषण

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| क) संगठनात्मक ब्यवस्था | छ | सेवा सम्वधित तालिमल हुनुपर्ने |
| राजश्व शाखाको ब्यवस्था संगठन संरचनामा छ छैन ? | छ | |
| राजश्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | १ दरवंदी रहेको | थप १ जना आवश्यक |
| राजश्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छ | कार्य विवरण हुनु पर्ने। |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको ब्यवस्था कस्तो छ ? | छ | यातायात, कम्प्युटर र प्रिन्टर आवश्यकता |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छैन | Upgrade तथा maintenance गर्नु पर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | केहि छैन | राम्रो तरिकाले तालिम पाउनु पर्ने |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | छ | सबै पालिकाबाट हुनु पर्ने |
| **ख) राजश्व प्रशासन संचालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख ब्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, वहाल आदि | पुर्णरुपमा पालना भएको | डिजिटल व्यवस्था आवश्यक |

| **नीति निर्धारणका क्षेत्रहरु** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरु** |
|---|---|---|
| गाँउपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | छ | राम्ररि परिचालन गर्नुपर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | भएको छ | सुधार गर्नु पर्ने |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | छैन | दर्ता चलानि सफ्टवेर र एकिकृत सम्पति कर आवश्यक |
| ब्यवस्थाको वर्खिलाप गरेमा दण्डको ब्यवस्था कस्तो छ ? | जरीवाना छ | विलम्ब शुल्क बडाउनु पर्ने |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने ब्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छुट भएको र ढीलो बुझाएमा जरीवाना लाग्ने ब्यवस्था भएको | छुट र जरीवाना लाग्ने ब्यवस्था सबै आय स्रोतहरुमा लगाउनु पर्ने |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने ब्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छ | |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने ब्यवस्था केकस्तो छ ? | छ | पलिकाको उजुरि पेटिका र अनलाइन मार्फत सकिन्छ |
| राजश्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको ब्यवस्था के छ ? | छ | अनुगमन गरिनु पर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | कार्यान्वयन गर्नुपर्ने |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | मैखिक दिइएको,वेवसाइट कार्यकम | प्रचार प्रसार गर्ने |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | राम्रो छ | सबैको सहभागीता हुने |
| राजश्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | सन्तोष जनक छ | जनशक्ति तयार गर्ने र कार्ययोजना बनाउने |
| राजश्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | राम्रो छ | थप सहभागी गराउनु पर्ने |
| राजश्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | सहयोग छैन | सहयोग गर्नु पर्ने |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | राम्रो छ | Systematic गर्नु पर्ने |
| गाँउ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | नियमीत हुन्छ( वेरुजु छैन) | समयमा फछ्र्यौट गर्ने |
| | | राजस्व सफ्टवेर जडान र यसका लागि इन्टरनेट आवश्यक साथै तालिमको व्यवस्था भए राम्रो |

## ४.२ आय संकलनको संस्थागत क्षमता

### ४.२.१ स्थानिय राजस्व परामर्श समिति

यस गुराँस गाउँपालिकाकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

तालिका १५: राजस्व परामर्श समिति

| क.सं. | समितिका व्यक्तिहरू र पद | जिम्मेवारी |
|---|---|---|
| १ | | संयोजक |
| २ | झम्पन कुमार आचार्य | सदस्य सचिव |
| ३ | | सदस्य |
| ४ | | सदस्य |
| ५ | | सदस्य |

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको छ। राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने सम्बन्धमा छलफल गरी आ.व. २०७६/७७ मा लागू भएका राजस्वसम्बन्धी नीति तथा कानुनलाई नै आर्थिक वर्ष २०७८/७९ मा समेत निरन्तरता दिने गरी सर्वसम्मत निर्णय गरिएको छ। स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा अनुसूची ४ मा संलग्न गरिएको छ । गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन् ।

- गाउँपालिकाले राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी थप राजश्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्ने तर्फ सम्बन्धित सबै क्षेत्र र वर्गलाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाको राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्याविधिको अधीनमा रही राजश्व परामर्श समितिको सिफारिसको आधारमा करका दायराहरू निर्धारण गरिनेछ।
- सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित बनाईने छ।
- नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्व निर्धारण गरिने छ।
- राजस्व सम्बन्धी संभाब्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ । राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित, वैज्ञानिक बनाइनेछ।
- सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरि आम्दानीको हिस्सालाई बढाइदै लगिने छ।

तालिका १६: गुराँस गाउँपालिकाकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण

| क.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | झम्पन कुमार आचार्य | सहायक पाँचौ | ▪ राजस्व प्रशासनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने<br>▪ राजस्वको प्रतिबेदन तयार गर्ने<br>▪ राजस्व अभिलेख, सार्वजनिकीकरण सम्बन्धित कार्य गर्ने<br>▪ राजस्व असुली तथा संकलन गर्ने<br>▪ राजस्व बिलिङ गर्ने<br>▪ राजस्व सफ्टवयर संचालन गर्ने<br>▪ लेखा अधिकृतलाई सहयोग गर्ने |

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल यस गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- राजस्व सम्बन्धी कार्यका लागि प्रशासनिक रुपमा राजस्व उपशाखा समेत गठन भई कामकाज भैरहेको तर राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रयाप्त नरहेको ।
- राजस्व संकलनमा कार्यरत कर्मचारीहरूका लागि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको ।
- राजस्व संकलन कार्यका लागि गाउँपालिकातथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्टवेयर जडान भएको ।
- स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- राजस्व संकलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको ।
- यसका सबै वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूले संकलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा पेश गर्ने गरेको ।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

यस गाँउपालिकाले विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षकगत आय अभिलेख रहेको भएपनि आन्तरिक आयको अनुमान एकमुष्ठ गर्ने गरेको पाइयो । यस कार्यले गुराँस गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई प्रभावकारी बनाउन अलि कठिनाइ हुने देखिन्छ । गाँउपालिकाबाट प्राप्त अभिलेख अनुसार आ.व.२०७६/७७ र २०७७/७८ मा संकलन गरेको यथार्थ आय तथा चालु आ.व. २०७८/७९ का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण तलको तालिका १७ र १८ मा प्रस्तुत गरिएको छ ।

तालिका १७: राजश्व परिचालनको वर्तमान अवस्था

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छ | नभएको | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | नभएको |
| | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| | व्यवसाय कर | छ | भएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | नभएको | नभएको |
| | विज्ञापन कर | छ | नभएको | भएको |
| | मनोरन्जन कर | छ | नभएको | नभएको |
| **ख.** | **अन्य राजश्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | नभएको | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री बापतको आय | छ | नभएको | भएको |
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | ब्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | छ | भएको | भएको |
| | वहाल विटौरी शुल्क | छ | नभएको | भएको |
| | पार्किङ्ग शुल्क | छैन | नभएको | नभएको |
| | अस्पताल संचालन | छ | नभएको | नभएको |
| | फोहरमैला ब्यवस्थापन शुल्क | छ | नभएको | भएको |
| | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | छ | नभएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | नभएको | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | छ | नभएको | नभएको |
| | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म आदि) | छैन | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | भएको | भएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | नभएको |
| | होमस्टे नवीकरण | | | |
| | सहकारी दर्ता र नवीकरण | | | |
| | सामाजिक संस्था दर्ता र नवीकरण | | | |
| | सामुदायिक वनको आम्दानी | | | |

## ४.४ विगतको राजस्व संकलनको अवस्था

यस गाउँपालिकाले विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षकगत आय अभिलेख रहेको भएपनि आन्तरिक आयको अनुमान एकमुष्ठ गर्ने गरेको पाइयो । यस कार्यले गाउँपालिकाको समग्र राजस्व

प्रक्षेपणलाई प्रभावकारी बनाउन अलि कठिनाइ हुने देखिन्छ । गाउँपालिकाबाट प्राप्त अभिलेख अनुसार आ.व.२०७४/७५ र २०७५/७६ मा संकलन गरेको यथार्थ आय तथा चालु आ.व. २०७६/७७ का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण तलको तालिका नं. १० मा प्रस्तुत गरिएको छ ।

तालिका १८: गाउँपालिकाको राजस्व संरचना (रु हजारमा)

| आय शीर्षक | २०७६/०७७ को यथार्थ आय | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को जेठ सम्मको आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | ५१२.८७ | १,४२३.५५ | ७८३.९८ |
| - आन्तरिक आम्दानी | ५१२.८७ | १,४२३.५५ | ७८३.९८ |
| **ख. राजस्व बाँडफाँड** | ४४,२५१.२८ | ५५,४३२.०९ | ६७,९४५.१६ |
| - संघीय सरकार बाट (मु.अ.कर तथा अन्त: शुल्क) | ४३,९५०.०२ | ५५,०५६.२१ | ६७,५५८.०० |
| - प्रदेश सरकार बाट (सवारी साधन) | ३०१.२६ | ३७५.८८ | ३८७.१६ |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | २२७,८३०.६३ | २९७,४७०.८४ | ३०१,८०८.०० |
| **संघीय सरकार** | २०५,५७५.४४ | २७३,५७५.०५ | २६३,२२०.०० |
| – समानीकरण अनुदान | ७९,०००.०० | ८२,०००.०० | ८५,५००.०० |
| – सशर्त अनुदान | ११८,२१४.५४ | १८०,९७५.०५ | १५८,८२०.०० |
| – अन्य अनुदान | ३६०.९१ | १,६००.०० | ४,९००.०० |
| विषेश अनुदान | ८,०००.०० | ९,०००.०० | १४,०००.०० |
| **प्रदेश सरकार** | २२,२५५.१९ | २३,८९५.७९ | ३८,५८८.०० |
| – समानिकरण अनुदान | १०,११८.०० | १०,०७१.०० | ८,५३६.०० |
| – सशर्त अनुदान | ९,४४२.७९ | ४,७८७.८२ | १५,५५२.०० |
| – समपुरक अनुदान | २६९४.४ | ४५२३.३७४ | ११५०० |
| **विषेश अनुदान** | ० | ४५१३.५९४ | ३००० |
| – अन्य संस्थागत आन्तरिक अनुदान | ३१,६७१.९२ | ४९,८९५.०० | ४८,००५.८५ |
| **कुल जम्मा** | **३०४,२६६.७०** | **४०४,२२१.४८** | **४१८,५४२.९९** |

तलिका नं. १० बाट यस गाउँपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिए अनुसार आन्तरिक आयको हिस्सा निकै कमजोर देखिन्छ र गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रम बापतका रकम नै रहेको देखिन्छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

यस गाउँपालिकाको आय परिचालनको सुधारका लागि महत्वपूर्ण कार्यहरु गर्नुपर्ने देखिएको छ। यहाँ रहेका समस्या तथा सवालहरूलाई चित्र नं. ६ मा छोटकरीमा देखाईको छ र विस्तृत व्याख्या तल गरिएको छ।




चित्र ६: राजस्व परिचालनमा रहेका सवालहरु

### क) कर संकलन सामर्थ्यको अभिवृद्धि

यस गाउँपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका करहरु जस्तै सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर आदीहरु प्रभावकारी कार्यान्वयनमा

आउन सकेका छैन । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा कृयाकलाप पहिचान गरिएअनुरुप तिनीहरको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

### ख) संगठनात्मक संरचना र कर्मचारी व्यवस्था

गाउँपालिकाराजस्व उपशाखाकै लागि छुट्टै कर्मचारी व्यवस्था नभएकोले अन्य जिम्मेवारी समेत भएका कर्मचारीलाई राजस्वको पनि कामको जिम्मेवारी दिइएको हुनाले कामको भार बढ्न गई कामको प्राथमिकतामा समेत अलमलको स्थिति सिर्जना भएको छ । गाउँपालिको संगठन व्यवस्थापन सर्भेक्षण गरी गाउँपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा गाउँसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व उपशाखाका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

### ग) आर्थिक ऐनमा सुधार

गाउँपालिकको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । जस्तै आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ। उदाहरणको लागि गाउँपालिकाको जे.सी.बी., ट्राक्टर, प्रोजेक्टर तथा अन्य यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यसका साथै परिवर्तित व्यवस्था अनुसार सवै जग्गा जमीनमा सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई परिमार्जन गर्दै लैजानु पर्ने देखिन्छ । आगामी आ.व. २०७७/७८ का लागि आर्थिक ऐनको नमूना मस्यौदा अनुसूची ५ मा संलग्न गरिएको छ ।

### घ) तथ्याङ्कमा आधारित अभिलेख

गाउँपालिकाको आन्तरिक आयमा वृद्धिका लागि आयका स्रोतहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । गाउँपालिकालाई राजस्वका क्षेत्रधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयार गरि हरेक वर्ष अद्यावधिक गर्नुपर्ने देखिन्छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### ङ) कार्यविधि तर्जुमा

आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी गाउँपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । कार्यविधिमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तुहरु उल्लेख गर्नु पर्दछन् ।

## ज) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व परिचालन सम्वन्धित नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय गर्न आवश्यक हुन्छ । राजस्व तथा कर संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ। साथै राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

## झ) सामाजिक-आर्थिक अवस्था र कर संकलन सामर्थ्यबीचको सामञ्जस्यता

नेपालमा अधिकांस पहाडी स्थानिय जीवन कृषि क्षेत्रमा जीवन निर्वाहमुखी छ। साथै आर्थिक स्रोत पनि कमजोर भएको हुनाले जनसंख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । त्यसैले यस स्थानीय स्तरमा पनि आजआर्जनका अवसरहरूको कमी रहेको छ। यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरु थपिनु भनेको स्थननियलाई समस्याका रुपमा रहन सक्दछ । अर्कातर्फ, दिएका कानुनले अधिकार क्षेत्रहरूमा कर संकलन नगर्दा गाउँपालिकाले कर संकलन सामर्थ्य कमजोर देखिन सक्छ । त्यसैले गाउँपालिकाभित्रका सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नु उपयुक्त हुनसक्छ।

## ञ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु पर्दछ । साथै करदातासँग निरन्तर संवाद गर्नुपर्दछ । यसका लागि सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवाला पक्षहरुलाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् । गाउँपालिकामा आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ ।

# परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना

यस परिच्छेद पाँचमा खाँडाचबक्र गाउँपालिकाले आगामी आ.व.को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरु प्रस्तुत गरिएको छ । परामर्शदाताद्वारा संकलित तथ्यांक तथा सूचनाहरु, तिनीहरुको विश्लेषणबाट आएका नतिजाहरू तथा गाउँपालिकासंग सम्बद्ध सरोकार पक्षहरुसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरुमा विस्तृतमा उल्लेखित गरिएको छ ।

**क. कर राजस्व सुधारका योजनाहरु**

तालिका १९: राजस्व सुधार कार्ययोजनाहरु

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा वडा कार्यालय |
| २ | **सम्पत्ति कर** | | |
| | १.आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २.सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३.वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ श्रावण देखि नियमित | राजस्व शाखा वडा कार्यालय |
| | ४.सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | **घर जग्गा वहाल कर** | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा वडा कार्यालय |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजश्व परामर्श समिति, वडा कार्यालय |
| ४. | **व्यवसाय कर** | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरि लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| | ४. व्यवसाय दर्ता तथा कर संकलनका लागि मुख्य बजारक्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौष देखी अर्धवार्षिक रुपमा | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| ५. | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | |
| | १.जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा<br>राजश्व परामर्श समिति |
| | २. जडीबुटी र कवाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने । | २०७९ आषाढ मसान्त | गाउँसभा, कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

तालिका २०: गैरकर राजस्व सुधार योजनाहरु

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने ।<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | | |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | गाउँपालिका |
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| | १. राजस्व उपशाखा लाई शाखाको रुपमा स्थापना गर्ने । | २०७९ चैत मसान्त सम्म | गाउँपालिका |
| | २.राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७८ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३.राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ बैशाखसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ४.विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने । | २०७७ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७७ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७७ माघ मसान्त | कार्यपालिका<br>गाउँ सभा |

# परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेद छ मा आगमी तीन आ.व.हरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ । यस प्रक्षेपणले आय बजेट तर्जुमा गर्न उल्लेखनिय सहयोग पुग्नेछ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

माथि भनिए अनुसार आगामी तीन वर्ष (आ.व. २०८०/८१ देखि २०८२/८३) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय प्रक्षेपण अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । प्रक्षेपण गरिएका अधिकांस शीर्षकहरूको आय प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत लाई मध्यनजर गरिएको छ भने केही शीर्षकहरूको आय प्रक्षेपण विगतको आय संकलनको वृद्धिदरलाई आधार मानि गरिएको छ । वृद्धिदर ऋणात्मक हुदा कुल आयको वृद्धिदरलाई आधार मानि प्रक्षेपण गरिएको छ ।

तालिका २१: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण (रु. हजारमा)

| क.स | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| **क** | **आन्तरिक आय तर्फ** | ४३६५५७.२९९ | | १३६०५९०.९४२ |
| १ | सम्पत्ति कर | १९४२.६२० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ४२६७.८४५ |
| २ | भूमी कर (मालपोत) | १६७४.७५० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ३६७९.३४७ |
| ३ | घर बहाल कर | ११०३.२२० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | २४२३.७२३ |
| ४ | बहाल विटौरी शुल्क | १००.००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका | २८२.४६५ |

| क.स | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| | | | आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | |
| ५ | व्यवसाय कर | ५१०.७०० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | १०९०.५९५ |
| ६ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३५०.००० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ७४७.४२१ |
| ७ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २५०.००० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७८४.६२६ |
| ८ | अन्य बिक्रिबाट प्राप्त रकम | | अनुमान नगरिएको | |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री) | १०००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २८२४६.५४५ |
| १० | सेवा शुल्क (मुल्यांकन समेत) | | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | |
| ११ | नक्सापास दस्तुर | १७१४ | | ५३७.९३९७ |
| १२ | सिफारिश दस्तुर | १२५ | | ३९२.३१३ |
| १३ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १७५ | | ५४९.२३८ |
| १४ | नाता प्रमाणित दस्तुर | ५०. | | १५६.९२५ |
| १५ | अन्य दस्तुर | २५० | | ७८४.६२६ |
| १६ | न्यायिक दण्ड, जरिवाना र जफत | २०० | | ६२७.७०१ |
| १७ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०० | | ३१३.८५० |
| १८ | अन्य राजस्व | १२५ | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | २७४.६१९ |
| **ख** | **राजश्व बाँडफाँड** | ६८,०७३.१५९ | | २०८,४५८.४०८ |
| ख १ | संघीय सरकार | ६७५५८ | | २०५९६.३०२४ |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६७५५८ | आ.ब. २०७९/०८ का लागि प्राप्त सिलिङ्ग र | २०५९६.३०२४ |

| क.स | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| २ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | त्यसपछि क्रमस १ प्रतिशतका दरले बृद्धि हुँदै जान | |
| ३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा | |
| **ख २** | **प्रदेश सरकार** | ५१५.१५९ | | २४९५.३८४ |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३८७.१५९ | आ.ब. २०७९/०८ का लागि ७० र त्यसपछि क्रमस ११ प्रतिशतका दरले बृद्धि हुँदै जान | २१९६.३८० |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | अनुमान नगरिएको | |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | अनुमान नगरिएको | |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १२८ | आ.व. २०७७/७८ मा गाउँपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २९९.००४ |
| **ग** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | ३०१८०८ | | ९४६४२९.५५१ |
| **ग १** | संघीय सरकार | २६३२२० | | ८२१२७३.५८२ |
| १ | समानिकरण अनुदान | ८५५०० | आ.ब. २०७७/७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | २६६७६८.८२९ |
| २ | शसर्त अनुदान | १५८८२० | | ४९५५३४.८०१ |
| ३ | विषेश अनुदान | १४००० | | ४३६८१.४४५ |
| ४ | समपुरक अनुदान | ४९०० | | १५२८८.५०६ |
| ५ | अन्य अनुदान (सामाजिक सुरक्षा, निर्वाचन क्षेत्र विकास तथा अन्य) | | अनुमान नगरिएको | |
| **ग २** | **प्रदेश सरकार** | ३८५८८ | | १२५१५५.९६९ |
| १ | समानिकरण अनुदान | ८५३६ | आ.ब. २०७७/७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | २७६८५.५८५ |
| २ | शसर्त अनुदान | १५५५२ | | ५०४४१.२१५ |
| ३ | विषेश अनुदान | ३००० | | ९७३०.१७२ |
| ४ | समपुरक अनुदान | ११५०० | | ३७२९८.९९५ |

| क.स | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| **ग ३** | **अन्य आन्तरिक अनुदान** | ४८००५.८५० | | |
| १ | अन्य संस्थागत आन्तरिक अनुदान | ४८००५.८५० | अनुमान नगरिएको | |
| २ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | अनुमान नगरिएको | |

## ६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

यस गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/ आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार र ऐन अनुसार करका दायरा विस्तार गर्न सकेको खण्डमा तालिका नं. २२ मा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ। आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

तालिका २२: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण

| **राजस्व** | **राजश्व शिर्षक** | **यथार्थ** | | | **अनुमानित** | **संभाव्यता** | **प्रक्षेपण** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **संकेत** | | **०७५ /०७६** | **०७६/७७** | **०७७/७८** | **०७८/७९** | **०७९/८०** | **०८०/८१** | **०८१/८२** | **०८२/८३** |
| **१००००** | **राजस्व तथा अनुदान** | ३५३,७३१,३५०.३ | ३०४,२६६,६९६.३ | ४०४,२२१,४७९.३ | ४१८,५४२,९९१.९ | ४३६,५५७,२९९.० | ४३८,०१८,०६६.० | ४५३,३३१,०७८.२ | ४६९,२४१,७९८.० |
| | **आन्तरिक आय** | ३००,०००.० | ५१२,८६९.८ | १,४२३,५४७.९ | ७८३,९८२.९ | १८,६७०,२९०.० | १५,९३१,५४७.५ | १६,६५६,०९७.० | १७,४१३,५९८.२ |
| ११३१३ | सम्पत्ति कर | | | | | १,९४२,६२०.० | १,३५९,८३४.० | १,४२१,६७७.७७ | १,४८६,३३४.१ |
| ११३१४ | भूमी कर/मालपोत | | | | ५६४,२१४.६ | १,६७४,७५०.० | १,१७२,३२५.० | १,२२५,६४१.०७ | १,२८१,३८१.९ |
| ११३२१ | घर बहाल कर | | | | | १,१०३,२२०.० | ७७२,२५४.० | ८०७,३७५.२७ | ८४४,०९३.८ |
| १४६११ | व्यवसाय कर | | | | ५९,५५०.० | ५१०,७००.० | ३४७,४८८.७ | ३६३,२९२.१३ | ३७९,८१४.३ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | ३५०,०००.० | २३८,१४५.८ | २४८,९७६.४० | २६०,२९९.६ |
| ११३२२ | बहाल विटौरी शुल्क | | | | | १००,०००.० | ९०,०००.० | ९४,०९३.१० | ९८,३७२.४ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | २५०,०००.० | २५०,०००.० | २६१,३६९.७३ | २७३,२५६.५ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | | | | - | - | - |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | | | | | १०,०००,०००.० | ९,०००,०००.० | ९,४०९,३१०.२३ | ९,८३७,२३५.५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | | | | ६१,२१८.३ | | - | - | - |
| १४२४२ | नक्सापास दस्तुर | | | | | १,७१४,०००.० | १,७१४,०००.० | १,७९१,९५०.८६ | १,८७३,४४६.८ |
| १४२४३ | सिफारिश दस्तुर | | | | | १२५,०००.० | १२५,०००.० | १३०,६८४.८६ | १३६,६२८.३ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | | ७१,०००.० | १७५,०००.० | १७५,०००.० | १८२,९५८.८१ | १९१,२७९.६ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | | ५०,०००.० | ५०,०००.० | ५२,२७३.९५ | ५४,६५१.३ |
| १४२४९ | अन्य दस्तुर | | | | २८,०००.० | २५०,०००.० | २५०,०००.० | २६१,३६९.७३ | २७३,२५६.५ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | २००,०००.० | २००,०००.० | २०९,०९५.७८ | २१८,६०५.२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | १००,०००.० | १००,०००.० | १०४,५४७.८९ | १०९,३०२.६ |

| राजस्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | अनुमानित | संभाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५ /०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १४५२९ | अन्य राजस्व | | | | | १२५,०००.० | ८७,५००.० | ९१,४७९.४१ | ९५,६३९.८ |
| | **राजश्व बाँडफाँड** | ५६,६७६,०००.० | ४४,२५१,२७९.४ | ५५,४३२,०९२.४ | ६७,९४५,१५९.० | ६८,०७३,१५९.० | ६८,८५१,००१.५ | ६९,४८१,७२६.२ | ७०,१२५,६८१.० |
| | **संघीय सरकार** | ५६,४००,०००.० | ४३,९५०,०१५.१ | ५५,०५६,२०८.८ | ६७,५५८,०००.० | ६७,५५८,०००.० | ६८,१०३,२३१.२ | ६८,६५२,८६२.८ | ६९,२०६,९३०.२ |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५६,४००,०००.० | ४३,९५०,०१५.१ | ५५,०५६,२०८.८ | ६७,५५८,०००.० | ६७,५५८,०००.० | ६८,१०३,२३१.२५ | ६८,६५२,८६२.८१ | ६९,२०६,९३०.२२ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | | | - | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | | | - | - | | |
| | **प्रदेश सरकार** | २७६,०००.० | ३०१,२६४.३ | ३७५,८८३.६ | ३८७,१५९.० | ५१५,१५९.० | ७४७,७७०.३ | ८२८,८६३.४ | ९१८,७५०.८ |
| ११५६७ | सवारी साधन कर | | | | | | | | |
